आज मिति २०७५ साल माघ ०७ गते सोमबारका दिन यस व्यास नगरपालिका नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री वैकुण्ठ न्यौपानेज्यूको अध्यक्षतामा बस्यो । बैठकको उपस्थिति तथा निर्णयहरु देहाय बमोजिम रहेको छ ।

**उपस्थिति**

| | | |
|---|---|---|
| नगर प्रमुख | श्री वैकण्ठ न्यौपाने | उपस्थित |
| उपप्रमुख | श्री मिरा जोशी | उपस्थित |
| वडाध्यक्ष वडा नं १ | श्री खरसिं दरै | उपस्थित |
| वडाध्यक्ष वडा नं २ | श्री काशीराम श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं ३ | श्री प्रेमकुमार श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं ४ | श्री विश्वराज न्यौपाने | उपस्थित |
| वडाध्यक्ष वडा नं ५ | श्री मोहनकुमार श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं ६ | श्री सूर्यभक्त भण्डारी | उपस्थित |
| वडाध्यक्ष वडा नं ७ | श्री सतिशचन्द्र न्यौपाने | उपस्थित |
| वडाध्यक्ष वडा नं ८ | श्री ओजराज पौडेल | उपस्थित |
| वडाध्यक्ष वडा नं ९ | श्री सुरेश थापा | उपस्थित |
| वडाध्यक्ष वडा नं १० | श्री तुलसीराम सापकोटा | उपस्थित |
| वडाध्यक्ष वडा नं ११ | श्री निरबहादुर खड्का | उपस्थित |
| वडाध्यक्ष वडा नं १२ | श्री तोत्रबहादुर कुवर | उपस्थित |
| वडाध्यक्ष वडा नं १३ | श्री लेखबहादुर राना | अनुपस्थित |
| वडाध्यक्ष वडा नं १४ | श्री काजीमान श्रेष्ठ | उपस्थित |
| **कार्यकारीणी सदस्यहरु** | | |
| | श्री तमबहादुर दरै | उपस्थित |
| | श्री कल्पना पोखेल | उपस्थित |
| | श्री चन्द्रमाया परियार | उपस्थित |
| | श्री सुनसरी गुरुङ्ग | उपस्थित |
| | श्री अमृतबहादुर नेपाली | उपस्थित |
| | श्री मधुमाया घर्ती | उपस्थित |
| | श्री नरीमाया राना | उपस्थित |
| सदस्य सचिव | श्री दिनेशराज पन्त | उपस्थित |
| उपसचिव | श्री अम्बिकाप्रसाद आचार्य | उपस्थित |
| का.वा. अध्यक्ष व्यास १३ | श्री एकराज तिवारी | उपस्थित |
| वरिष्ठ आ.ले.प.अधिकृत | श्री कुमार कन्चन जि.सी. | उपस्थित |
| वरिष्ठ इन्जिनियर | श्री राजु पौडेल | उपस्थित |
| शाखा अधिकृत | श्री मेघनाथ आचार्य | उपस्थित |
| लेखा अधिकृत | श्री दण्डपाणी पौडेल | उपस्थित |
| कम्प्यूटर अधिकृत | श्री गोकर्णराज वाग्ले | उपस्थित |
| शाखा अधिकृत | श्री कृष्णराज घिमिरे | उपस्थित |

**मिति २०७५/१०/०७ गतेको नगर कार्यपालिकाका बैठकको निर्णयहरु**

**प्रस्तावहरु:**

१) विभिन्न विद्यालयहरुको प्रधानाध्यापक नियुक्ति सम्बन्धमा ।

२) सार्वजनिक सुनुवाईको प्रतिवेदन सम्बन्धमा ।

३) अव्यवस्थित बसोवासको वडागत तथ्यांक संकलन सम्बन्धमा ।

४) विभिन्न ऐन, नियम तथा कार्यविधिहरुको संशोधन प्रस्ताव तयार गर्ने सम्बन्धमा ।

५) स्वास्थ्य तथा आर्यूवेद तर्फका करार सेवाका कर्मचारीहरुको म्याद थप सम्बन्धमा ।

६) जग्गा प्लटिङ्ग तथा कित्ताकाट अनुमति सम्बन्धमा ।

७) विद्यालय आर्यूवेद तथा योग शिक्षा कार्यक्रम तथा गाऊँघर लिकनिक संचालन सम्बन्धमा
८) पसल कवल भाडा सम्बन्धमा सिद्वार्थ बैंक दमौली शाखासँगको सम्झौता अनुमोदन सम्बन्धमा ।
९) पसल कवल भाडाको छुट तथा जरिवाना सम्बन्धमा ।
१०) वडा कार्यालय निर्माणको लागि जग्गा खरिद प्रकृया सम्बन्धमा ।
११) ट्राफिक व्यवस्थापन सम्बन्धमा ।
१२) वडा स्तरीय कार्यक्रम कार्यान्वयन सम्बन्धमा ।
१३) वडा कार्यालयहरुको घर भाडा सम्झौताको सम्बन्धमा ।

**निर्णय नं.१:** प्रस्ताव नं.१ का सम्बन्धमा छलफल हुंदा यस व्यास नगरपालिका अन्तर्गतका तपसिलमा उल्लेखि भए अनुसारका विद्यालयहरुमा विद्यालय व्यवस्थापन समितिद्वारा निर्णय गरी प्रधानाध्यापक नियुक्तिको सिफारिस भई आए अनुसारका निम्नानुसारका प्रधानाध्यापकहरुको नियुक्ति प्रकृया अनुमोदन गरी यस नगरपालिकाको व्यास नगर शिक्षा नियमावली २०७४ अनुसार ३ वर्षे करार सम्झौता गर्न शिक्षा शाखालाई निर्देशन दिने साथै सम्बन्धित तह भन्दा तल्लो तहको शिक्षकलाई प्रधानाध्यापक नियुक्तिको लागि सिफारिस भई आएका विद्यालयहरुको हकमा अर्को व्यवस्था नभएसम्मको लागि निमित्त प्रधानाध्यापकको जिम्मेवारी दिने निर्णय गरियो ।

| सि.नं. | विद्यालयको नाम | प्रधानाध्यापकको नाम | कैफियत |
|---|---|---|---|
| १ | श्री तातोपानी प्रा.वि., व्यास ११ | श्री शान्तादेवी सेढाई पन्त | |
| २ | श्री कृष्णालय प्रा.वि., व्यास ८ | श्री लक्ष्मण तिमिल्सेना | |
| ३ | श्री अमर प्रा.वि., व्यास ६ | श्री मातृका वन्त रिमाल | |
| ४ | श्री शंकर प्रा.वि., व्यास ६ | श्री दिपकराज काफ्ले | |
| ५ | श्री सिन्धु प्रा.वि., व्यास ५ | श्री मदन वाग्ले | |
| ६ | श्री शुक्र प्रा.वि., व्यास ५ | श्री बन्धुराज पौडेल | |
| ७ | श्री सहजीवन प्रा.वि., व्यास ८ | श्री विमल पौडेल | निमित्त |
| ८ | श्री पञ्चज्योति प्रा.वि., व्यास ७ | श्री मोहन गुरुङ्ग | |
| ९ | श्री लक्ष्मी आधारभूत विद्यालय, व्यास ९ | श्री रमेशचन्द्र आचार्य | निमित्त |
| १० | श्री सोमाजन प्रा.वि. व्यास ८ | श्री प्रेमराज सोती | |
| ११ | श्री जनसेवीका प्रा.वि. व्यास १ | श्री रामचन्द्र भट्ट | |
| १२ | श्री वेनीमित्र प्रा.वि व्यास १३ | श्री मानबहादुर आले | |
| १३ | श्री शहिद धर्म आ.वि. व्यास ८ | श्री खड्गबहादुर गुरुङ्ग | निमित्त |
| १४ | श्री बालकल्यण प्रा.वि. व्यास १३ | श्री रामचन्द्र उपाध्याय | |
| १५ | श्री देउराली प्रा.वि. व्यास १२ | श्री उर्मिला आचार्य | |
| १६ | श्री रत्नज्योति प्रा.वि. व्यास ६ | श्री देउराज गुरुङ्ग | |

**निर्णय नं.२:** प्रस्ताव नं.२ का सम्बन्धमा छलफल हुंदा व्यास नगरपालिकाको चालु आ.व.२०७५/०७६ को प्रथम चौमासिक अवधि भित्र यस नगरपालिकाद्वारा सम्पादित विकास निर्माण सम्बन्धी कार्यहरु एवं सेवा प्रवाहको गुणस्तर मापन तथा नगरपालिका र नगरवासी बिचको सम्बन्धको अवस्था एवं नगरपालिकाको अन्य सवल एवं दुर्वल पक्षहरुको वस्तुगत अवस्था खुल्ने गरी प्रत्येक वडामा गई गरिएको सार्वजनिक सुनुवाईको प्रतिवेदन उपर छलफल भयो । प्रतिवेदनमा औल्याईएका दुर्वल पक्षहरुमा सुधार गर्दै यस नगरपालिकालाई एउटा पारदर्शी नगरपालिकाको रुपमा स्थापित गर्न अझ जनमुखी एवं जनउत्तरदायी प्रशासनिक ढाँचा र कार्ययोजनाका साथ अगाडि बढ्ने निर्णय गरियो ।

**निर्णय नं.३:** प्रस्ताव नं.३ का सम्बन्धमा छलफल हुंदा यस नगरपालिका क्षेत्रभित्र ऐलानी तथा प्रति जग्गामा अव्यवस्थित रुपमा घर निर्माण गरी बसोवास गर्ने परिवारहरुको घरमुलीको नाम, घरको प्रकृति, घरले चर्चेको जग्गाको क्षेत्रफल, घरसँगै जोडिएको घर वाहेकको जग्गाको क्षेत्रफल, बसोवास गरेको अवधि, हकभोगको प्रमाण भए नभएको, भोकाधिकार प्राप्त भएको भए सो दिने निकायको नाम, निज वा निजको संगोलमा रहेका परिवारका सदस्यको नाउँमा अन्यत्र कतै घर जग्गा भए नभएको, बसोवास गरेको जग्गाको नापी नक्शामा कित्ताकाट भई कित्ता नम्बर कायम भए नभएको लगायतका विवरणहरु खुल्ने गरी तथ्यांक संकलन गर्न सो सम्बन्धी विवरण पेश गर्न सम्बन्धित सबैको जानकारीको

लागि प्रत्येक वडा कार्यालयबाट १ महिने सूचना प्रकाशन गरी सम्बन्धित वडामा नै सोको तथ्यांक संकलन गर्ने र आवश्यकता अनुसार एकिन (Veryfie) समेत गरी सोको एक/एक प्रति विवरण अभिलेखका लागि यस नगरपालिकामा पठाउने व्यवस्थाका लागि वडा कार्यालय लेखी पठाउने निर्णय गरियो ।

**निर्णय नं.४:** प्रस्ताव नं.४ का सम्बन्धमा छलफल हुँदा यही माघ २८ र २९ गते सम्पन्न हुने यस नगरपालिकाको चौथो नगर सभामा आर्थिक विधेयक, बिनियोजन विधेयक, शिक्षा ऐन तथा नियमावली लगायतका अन्य ऐन, नियम तथा कार्यविधिहरुको आवश्यकता र औचित्य अनुसार संशोधन प्रस्ताव तयारको लागि आवश्यक गृहकार्य गरी मस्यौदा पेश गर्न सबै विषयसँग सम्बन्धित यस नगरपालिकाका विषयगत समितिहरुलाई निर्देशन दिने निर्णय गरियो । साथै आ.व. २०७५/०७६ को आयव्यय सम्बन्धी अर्धवार्षिक प्रतिवेदन समेत तयार गरी सम्बन्धित समिति मार्फत पेश गर्न आर्थिक प्रशासन शाखा तथा योजना तथा प्राविधिक शाखालाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.५:** प्रस्ताव नं.५ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिका अन्तर्गत विभिन्न वडाहरुमा रहेका स्वास्थ्य केन्द्र तथा आयुर्वेद स्वास्थ्य केन्द्रहरुमा करार सेवामा कार्यरत निम्नानुसारका कर्मचारीहरुलाई साविकमा दिइदै आइरहेको पारिश्रीमक तथा अन्य सेवा सुविधा उपलबध गराउने गरी २०७६ आषाढ मसान्तसम्मको लागि म्याद थप गरी काममा लगाउने निर्णय गरियो ।

| सि.नं. | पद | कर्मचारीको नामथर | कैफियत |
|---|---|---|---|
| १ | अ.हे.व. चौथो | श्री रसिता अधिकारी | स्वास्थ्य तर्फको |
| २ | अ.हे.व. चौथो | श्री अमृता थापा | |
| ३ | अ.हे.व. चौथो | श्री अम्बिका सिग्देल | |
| ४ | अ.हे.व. चौथो | श्री सावित्रा आले | |
| ५ | अ.हे.व. चौथो | श्री उज्जवल न्यौपाने | |
| ६ | अ.हे.व. चौथो | श्री पदमकुमारी थापा | |
| ७ | अ.हे.व. चौथो | श्री उर्मिला सोती | |
| ८ | अ.हे.व. चौथो | श्री सरिता थापा | |
| ९ | अ.न.मी | श्री गिता पन्थ | |
| १० | अ.न.मी | श्री नेविका श्रेष्ठ | |
| ११ | अ.न.मी | श्री प्रतिक्षा अधिकारी | |
| १२ | अ.न.मी | श्री लक्ष्मीकुमारी ढकाल | |
| १३ | अ.न.मी | श्री सरिता थापा | |
| १४ | अ.न.मी | श्री नारायणी थापा | |
| १५ | अ.न.मी | श्री शान्ति लामिछाने | |
| १६ | कम्प्यूटर अप्रेटर | श्री रोशन श्रेष्ठ | |
| १७ | कार्यालय सहयोगी | श्री उपेन्द्रविक्रम राणा | |
| १८ | कार्यालय सहयोगी | श्री कासिराम दरै | |
| १९ | कार्यालय सहयोगी | श्री सुनिता न्यौपाने | |
| २० | कार्यालय सहयोगी | श्री सुस्मा तिमिल्सेना | |
| २१ | कार्यालय सहयोगी | श्री विष्णु माया ओझा | |
| २२ | कार्यालय सहयोगी | श्री विनिता आले | |
| २३ | कार्यालय सहयोगी | श्री विरेन्द्र सोती | |
| २४ | कार्यालय सहयोगी | श्री तिर्थबहादुर थापा | |
| २५ | कार्यालय सहयोगी | श्री रिता परियार | |
| २६ | कार्यालय सहयोगी | श्री गिता पन्थ | |
| २७ | कार्यालय सहयोगी | श्री होममाया राना | |

| | | | |
|---|---|---|---|
| २८ | कार्यालय सहयोगी | श्री नर्वदा खनाल | |
| २९ | कार्यालय सहयोगी | श्री पार्वती श्रेष्ठ | आयूर्वेद तर्फको |
| ३० | कार्यालय सहयोगी | श्री रमिला अधिकारी | |
| ३१ | कार्यालय सहयोगी | श्री मनु सिं | |
| ३२ | कार्यालय सहयोगी | श्री सर्मिला श्रेष्ठ | |
| ३३ | कार्यालय सहयोगी | श्री लक्ष्मी श्रेष्ठ | |
| ३४ | अभ्यंगकर्ता | श्री शान्ति पौडेल आचार्य | |

**निर्णय नं.६:** प्रस्ताव नं.६ का सम्बन्धमा छलफल हुँदायस नगरपालिकाको विभिन्न वडाहरुमा अनाधिकृत रुपमा जग्गाहरुको प्लटिङ्ग गर्ने कार्यहरु भइरहेको र त्यस कारण दिनानुदिन पर्यावरणमा प्रतिकुल असर पर्नुका साथै अव्यवस्थित रुपमा घरहरु निर्माण हुँदा शहर अव्यवस्थित समेत हुँदै जाने हुँदा सबै वडाहरुमा एकरुपता कार्य हुने गरी प्रचलित कानून र कार्यविधि अनुसार नीति निर्माण नहुँदासम्म हाल साविकको अभ्यास र प्रावधान बमोजिम नै हुने गरी घर बाटो सिफारिस तथा कित्ताकाटको सिफारिस गर्न सम्पूर्ण वडा कार्यालयहरुलाई लेखी पठाउने निर्णय गरियो ।

**निर्णय नं.७:** प्रस्ताव नं.७ का सम्बन्धमा छलफल हुँदा जिल्ला आर्यूवेद स्वास्थ्य केन्द्र अन्तर्गत यस नगरपालिका क्षेत्र भित्रका आर्यूवेद औषधालयहरु मार्फत विद्यालय आर्यूवेद तथा योगशिक्षा कार्यक्रम गाउँघर क्लिनिक संचालनार्थ सशर्त अनुदान अन्तर्गत यस नगरपालिकालाई प्राप्त हुने रकमबाट खर्च गर्ने गरी सम्बन्धित विशेषज्ञ चिकित्सक तथा तालिम प्राप्त स्वास्थ्यकर्मीहरुको उपलब्धता र अनुकुलता अनुसार समय तालिका मिलाई निम्नानुसारका स्थानहरुमा कार्यक्रमहरु संचालन गर्ने निर्णय गरियो ।

**विद्यालय आर्यूवेद तथा योगशिक्षा**

१) जलदेवी मा.वि., व्यास १ तनहुँ
२) क्यामिन मा.वि., व्यास ७ तनहुँ
३) अमरज्योति मा.वि., व्यास १२ तनहुँ
४) केशवटार मा.वि., व्यास १४ तनहुँ

**गाऊँघर क्लिनिक**

१) व्यास ५ नेपालटार तनहुँ
२) व्यास १० दुम्सी तनहुँ
३) व्यास ११ वेलटारी तनहुँ

**निर्णय नं.८:** प्रस्ताव नं.८ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिकाको नवनिर्मित बहुउद्देश्यीय भवनको पसल कवल भाडामा लगाउने गरी श्री सिद्वार्थ बैंक दमौली शाखासँग २०७५ मार्ग मसान्तसम्म बैंकको लागि आन्तरिक सजावटको निर्माण अवधि कायम गरी त्यस अवधिको भाडा नलिने र २०७५ पौष १ देखि मात्र भाडा लिने/दिने शर्त सहित मिति २०७५ कार्तिक २७ गते गरिएको सम्झौता अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं.९:** प्रस्ताव नं.९ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिकाको नवनिर्मित वहुउद्देश्यीय भवन भाडामा लगाउने सम्बन्धमा विभिन्न व्यक्तिसँग सम्झौता गर्दाका बखत भाडा भुक्तानी गर्दा दिइने छुट र लिइने जरिवानाको किसिम यस अगाडि भाडामा लगाइएका नगरपालिका कै अन्य पसल कवलहरुको भन्दा फरक हुने गरी सम्झौताको प्रकरणमा उल्लेख गरिएकोमा सबै पसलहरुमा एक रुपकता कायम गर्दा भाडा असुलीमा सहजता हुने हुनाले निम्नानुसार हुने गरी छुट तथा विलम्ब शुल्क दिने/लिने निर्णय गरियो ।

**तपसिल**

(क) महिना भुक्तान भएपछि अर्को महिनाको ७ गतेसम्म भाडा भुक्तानी भएमा २% छुट दिने ।
(ख) ८ गतेबाट पहिलो महिनाको मसान्तसम्म भाडा भुक्तानी हुन आएमा २% जरिवाना लिने ।
(ग) दोस्रो महिनाको मसान्तसम्म भाडा भुक्तानी हुन आएमा ३% जरिवाना लिने ।
(घ) तेस्रो महिनाको मसान्तसम्म पनि भाडा भुक्तानी हुन नआएमा ४% विलम्ब शुल्क सहित नियमानुसार सम्पूर्ण बाँकी बक्यौता असुली गरी पसल कवल खाली गराउने ।

**निर्णय नं.१०:** प्रस्ताव नं.१० का सम्बन्धमा छलफल हुँदा यस नगरपालिका वडा नं.१ र वडा नं.९ को वडा कार्यालय भवन निर्माणको लागि आवश्यक जग्गा खरिद गर्ने कार्यका लागि सम्बन्धित वडा कार्यालयबाट निर्णय सहित प्राप्त हुन आएको सर्जमिन मुचुल्का सहितको चलन चल्तीको मूल्यांकनलाई आधारमानी प्राप्त हुन आएको चलन चल्तीको मुल्य मध्ये पनि न्यून मुल्य कायम भइआएको मार्गमा पर्ने जग्गा, निर्धारण भइआएको चलन चल्तीको मुल्यमा नबढ्ने गरी खरिद गर्न नियमानुसार खरिद प्रकृया अगाडि बढाउने साथै केही जग्गा निशुल्क दान गर्ने गरी अन्य जग्गा बिक्री गर्ने शर्त सहित दरभाउ पत्र/बोलपत्र पेश गर्ने, जग्गावालाको दरभाउपत्रलाई मूल्यांकन गर्दा प्राथमिकतामा राखी मूल्यांकन गर्ने गरी सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

**निर्णय नं.११:** प्रस्ताव नं.११ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिकाको मुख्य शहरी क्षेत्र र आसपासको स्थानहरुको (ट्राफिक) सवारी व्यवस्थापन सुदृढ गरी सम्भावित दुर्घटना र अन्य जोखिमहरुलाई न्यूनीकरण गर्ने उद्देश्यका साथ गठित ट्राफिक व्यवस्थापन समिति र सरोकारवालाहरुको मिति २०७५/०९/२९ को संयुक्त बैठकको निर्णय अनुसार सवारी संचालन तथा पार्किङ्गको व्यवस्थापन गर्ने गरी सम्बन्धित निकायहरुमा आवश्यकता सहयोग र समन्वयको लागि लेखी पठाउने र सबैसँग समन्वय गरी प्रभावकारी व्यवस्थापनको लागि निर्णयानुसार अविलम्ब कार्यारम्भ गर्न सम्बन्धित शाखालाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.१२:** तेस्रो नगर सभाबाट वडा बजेटमा साना भौतिक पूर्वाधार निर्माणका लागि एकमुष्ठ रकम रु.७,००,०००। (सात लाख) विनियोजन भएको र सो रकममा हालसम्म खर्च भई बाँकी रहन आएको रकम मध्ये तपसिल अनुसार हुने गरी वडा समितिबाट रकम समेत छुट्याई योजनाहरु छनौट भई आएको हुँदा सोलाई अनुमोदन गर्ने निर्णय गरियो ।

क) व्यास नगरपालिका वडा नं ७ अर्न्तगत साना भौतिक पूर्वाधार निर्माण शीर्षक अर्न्तगत रु.७,००,०००। मध्येबाट खर्च हुन बाँकी रकम रु.६,५०,०००। लाई वडा कार्य समितिको सिफारिसमा तपशिल बमोजिमका योजनाहरुमा खर्च गर्ने गरी विनियोजन गर्ने निर्णय गरियो ।

| सि.नं. | योजनाको नाम | विनियोजित रकम |
|---|---|---|
| १ | घिउटारी मोटर मार्ग निर्माण योजना | १०००००।०० |
| २ | वरपिपल मोटर मार्ग निर्माण योजना | १०००००।०० |
| ३ | सुनखोल्सी खानेपानी निर्माण योजना | १०००००।०० |
| ४ | जागृति आमा समूह भवनमा शौचालय निर्माण योजना | १५००००।०० |
| ५ | क्यामिन कालिका टोल विकास संस्थाको भवनमा शौचालय निर्माण | २०००००।०० |

ख) व्यास नगरपालिका वडा नं.४ अर्न्तगत साना भौतिक पूर्वाधार निर्माण शिर्षक अर्न्तगत तस्रो नगर सभाबाट स्वीकृत भएको रु.७,००,०००। मध्येबाट वडा कार्यालय जाने शिखर मार्गमा नालामा स्ल्याव निर्माण गर्ने योजनाको लागि वडा कार्य समितिको सिफारिस बमोजिम रु.१,६२,०००। रकम विनियोजन गर्ने निर्णय गरियो ।

ग) व्यास नगरपालिका वडा नं.१ मा लक्षित वर्ग उत्थान शीर्षक अर्न्तगत तेस्रो नगर सभाबाट स्वीकृत भएको रु. ६,००,०००। मध्येबाट वडाका विभिन्न महिलाहरुको लागि ३ महिने आधारभूत सिलाइ/कटाई सम्बन्धी तालिम संचालन योजनाको लागि वडा कार्य समितिको सिफारिस बमोजिम रु.२,००,०००। रकम विनियोजन गर्ने निर्णय गरियो ।

घ) व्यास नगरपालिका वडा नं.२ मा लक्षित वर्ग उत्थान शीर्षक अर्न्तगत तेस्रो नगर सभाबाट स्वीकृत भएको रु. ६,००,०००। मध्येबाट वडाका विभिन्न महिलाहरुको लागि ३ महिने आधारभूत सिलाइ/कटाई सम्बन्धी तालिम संचालन योजनाको लागि वडा कार्य समितिको सिफारिस बमोजिम रु.३,००,०००। रकम विनियोजन गर्ने निर्णय गरियो ।

ङ) व्यास नगरपालिका वडा नं.३ अर्न्तगत साना भौतिक पूर्वाधार निर्माण शिर्षक अर्न्तगत तेस्रो नगर सभाबाट स्वीकृत भएको रु.७,००,०००। मध्येबाट वडा कार्य समितिको सिफारिसमा तपशिल बमोजिमका योजनाहरुमा खर्च गर्ने गरी निम्नानुसार रकम विनियोजन गर्ने निर्णय गरियो ।

| सि.नं | योजनाको नाम | विनियोजित रकम |
|---|---|---|

| | | |
|---|---|---|
| १. | अनशन चौतारामा रहेका रुख काटछाँट योजना | ६०,०००। |
| २. | पराशर टोल अर्न्तगत अनसन लाइनमा सोलार क्याट आई राख्ने योजना | ५०,०००। |
| ३. | वडाभर गमला अभियान कार्यक्रम | २,४०,०००। |
| ४. | आवश्यक स्थानमा सडक बत्ती जडान योजना | ३,५०,०००। |

च) तेस्रो नगर सभाबाट एकमुष्ठ रुपमा विनियोजन भएका योजनाहरुको हकमा वडा कार्य समितिको सिफारिसको आधारमा रु.१ लाखसम्मका योजनाहरुको स्वीकृतिका लागि नगर प्रमुख समक्ष पेश गर्ने र सो भन्दा माथिका योजनाहरुको स्वीकृतिका लागि नगर कार्यपालिकामा पेश गर्ने निर्णय गरियो । साथै चालु आ.व.को हकमा हालसम्म योजना छनौट तथा बजेट विनियोजन भएका वडागत बजेटको स्वीकृतिका लागि आगामी माघमा हुने नगर सभामा अनुमोदनको लागि पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं.१३:** प्रस्ताव नं.१३ का सम्बन्धमा छलफल हुंदा व्यक्तिहरुको घर भाडामा लिई वडा कार्यालयहरु संचालन गरिएका वडाहरुको घरभाडाको सम्झौता अवधि २०७५ श्रावण १ गतेदेखि मान्य हुने गरी आवश्यकता अनुसार थप दुई वर्षसम्मको म्याद कायम गरी सम्झौता गरी घर भाडामा लिई वडा कार्यालयहरु संचालन गर्ने निर्णय गरियो ।